फोन नं.- ०३१-५४००५४१

खडक नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कल्याणपुर, सप्तरी

प्रदेश नं. २, नेपाल

पत्र संख्याः ०७७।०७८

## शिलबन्दि दरभाउपत्र पेश गर्ने सुचना

(प्रथम पटक प्रकाशित मिति २०७८।०१।२१ )

यस कार्यालयबाट तपसिल बमोजिमको निर्माण सम्बन्धि कार्य शिलवन्दि दरभाउपत्रद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारवाट इजाजतपत्र प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरूवाट निम्न सर्तहरूको अधिनमा रहि रित पुर्वकको दरभाउपत्र आह्वान गरिएको छ।

१। दरभाउपत्रको सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र रु १,०००।-दस्तुर (फिर्ता नहुने गरि) बुझाई अध्यावधिक इजाजत पत्र तथा मु.अ.कर र स्थायी लेखा नम्वर दर्ता भएको प्रमाणपत्रको प्रतिलिपिहरू संलग्न राखी निवेदनदिई यस खडक नगरपालिकाको कार्यालय, सप्तरीवाट कार्यालय समय भित्र दरभाउपत्र खरिद गर्न सकिने छ।

२। दरभाउपत्र पेश गर्दा बोलपत्रको साथ व्यवसाय इजाजत प्रमाणपत्र (नविकरण भएको) प्रतिलिपि, पान नं. सहितको भ्याटमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७६।०७७ सम्मको कर चुक्ता प्रमाणपत्रका प्रतिलिपि, खरीद करबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्वाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्वन्धि कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्व-घोषणा पत्र समेत पेश गर्नु पर्ने छ।

३। खरिद भएको दरभाउपत्र प्रष्टसँग भरि निर्माण व्यवसायीले प्रत्येक पानामा सहि छाप गरि सिलवन्दी गरि खाम बाहिर फर्मको नाम, ठेगाना र काम प्रष्ट सग लेखी सुचना प्रकाशन भएको मितिले १५औ दिन (मिति २०७८।०२।०४) दिनभित्र यस कार्यालयमा कार्यालय समय भित्रमा खरिद गर्नु पर्ने छ। खरिद गरिएको दरभाउपत्रहरु १६ औं दिन २०७८।०२।०५ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गर्नुपर्ने छ। र सोही दिन २०७८।०२।०५ गते दिउँसो १:०० बजे उपस्थित दरभाउपत्रदाताहरु तथा प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्रहरु वा प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि शिलवन्दि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन।

४) एक फर्म वा सस्थाको नाममा खरिद भएको दरभाउपत्र अर्को फर्म वा संस्थाको नामवाट दाखिला गर्न पाइने छैन।

५) दरभाउपत्र ४५ दिनसम्मको लागि मान्यहुनेछ। दरभाउ बैंक जमानत वा यस कार्यालयको खाता नं.११०३७०१५०८००४०४७ कृषिविकास बैंकमानगदजम्मा गरेकोभाउचर पेस गर्नु पर्नेछ।

६) दरभाउपत्रमा केरमेट भएको ठाउँमा अधिकार प्राप्त व्यक्तिको सहि छाप हुनु पर्नेछ। रित नपुगेको र सुचनाको सर्त विपरित भएको दरभाउ पत्रनाथि कारवाही हुने छैन।

७) दरभाउपत्र दाताले BOQ को अंक र अक्षरमा दुवै महलमा दररेट (मु.अ.क.) बाहेकको उल्लेख गर्नुपर्नेछ। अक्षर अंक फरक पर्न गएमा अक्षरलाई मान्यता दिईने छ। दरभाउपत्रदाताले बोल कबोलको अन्तिम जोड जम्मा अंकउल्लेख गर्नु पर्नेछ।

८). दरभाउपत्रदर्ता गर्ने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट वा विदा पछि कार्यालयखुलेको दिन तोकेको समयमा नै हुनेछ।

९) कुनै पनि कारण जनाई वा नजनाई सम्पुर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

१०) दरभाउपत्र सम्वन्धि अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

११) कामको गुणस्तर (Quality of work) निर्माण सम्वन्धि स्वीकृत स्पेशिफिकेशनअनुसार गर्नु पर्नेछ।

### तपसिल

| सि.नं. | ठेक्का नं. | कामको विवरण | कुल ल.ई. रकम VAT बाहेक | धरौटी रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | KHADAKMUN-05-077/078 | सोसिया महराजमन्दिर देखि हरेराम साहको जग्गा सम्मआर.सि.सि.ढलान गर्ने काम वडा न.-२ | ८,५९,१६९।२० | २५,५००।०० | |
| २ | KHADAKMUN-06-077/078 | शिवमन्दिर देखि रामलालको घर सम्मआर.सि.सि. ढलान वडा नं.-२ | ८,५९,१७४।४० | २५,५००।०० | |
| ३ | KHADAKMUN-07-077/078 | दुहवी रामजानकी मन्दिरको पूर्व ढोका र दक्षिण ढोका र बौण्ड्री वाल। वडा नं.-२ | १३,७४,६८८।२१ | ४१,०००।०० | |
| ४ | KHADAKMUN-08-077/078 | गरुरहा देखि पंसेरा सम्मको कृषि सडकमा बनरझुल्ला सम्मको खण्डमा ग्राभेल गर्ने तथा माटो मर्मत। वडा नं.-३ | १२,५८,६५०।०३ | ३७,५००।०० | |
| ५ | KHADAKMUN-09-077/078 | खरचुहिया बजार माप्रहरी चौकी भवननिर्माण। वडा नं.-५ | १६,३३,९१७।१० | ४९,०००।०० | |
| ६ | KHADAKMUN-10-077/078 | खोजपुरको आधारभुत स्कूल देखि दक्षिण जाने बाटोको आर.सि.सि. ढलान। वडा नं.-५ | ८५८३५५।७२ | २५,५००।०० | |
| ७ | KHADAKMUN-11-077/078 | खरचुहिया सडक देखि पूर्व खोजपुर गाँउ सम्मआर.सि.सि. ढलान। वडा नं.-५ | १२,८८,६०४।३० | ३८,५००।०० | |
| ८ | KHADAKMUN-12-077/078 | लोकमार्ग देखि उत्तर थारु सग्रहालय सम्म माटो ग्राभेल तथा कलभर्ट निर्माण समेत वडा नं.-४ | १२,५८,६५०।०२ | ३७,५००।०० | |

निरज कुमार देव
प्रमुख प्रशासकीय अधिकृत

निरज कुमार देव
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)